नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति: २०७८ कार्तिक २२

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वनजारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन सासांकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशनले वर्तमान समयमा न्यायपालिकाको स्वतन्त्रता र सुद्धिकरणको विषयलाई लिएर प्रधान न्यायाधीशको राजिनामा समेत माग गरि विरोध कार्यक्रम सञ्चालन गरिरहेको कुरा सर्वविदितै छ । यस्तो पवित्र उद्देश्यबाट गरिएको यो महत्वपूर्ण आन्दोलनको कार्यक्रमबाट सरोकारवालाहरुको ध्यान अन्यत्रै मोड्ने दूषित मनसायका साथ नेबाएका पदाधिकारी सदस्यहरुले आफु र आफ्ना परिबारका सदस्यहरुलाई न्यायाधीश वा अन्य निकायमा नियुक्ति लिनका लागि सौदाबाजी स्वरुप नेबाएले प्रधान न्यायाधीश विरुद्ध आन्दोलन गरेको, अन्य कसैको कुत्सित अभिष्ट पुरा गराउन गोटी बनेको भन्ने लगायतका झुठा, अनंगल आरोपहरु केहि अनलाइन पत्रिका तथा सामाजिक सञ्जालमा आएकोप्रति गम्भीर चासो, सरोकार र असहमति व्यक्त गर्दछौं । नेबाएले आफ्नो विशिष्ट परम्परा अनुसार सल्लाहकार समितिको सुझाव, बार एकाईहरुको सुझाव र न्यायपालिकामा बढ्दो विकृति, विसंगति, भ्रष्ट्राचार, बिचौलियाको बिगबिगीलाई मध्यनजर गरी विरोध र आन्दोलनका कार्यक्रमहरु गर्दै आएको हो । नेपाल बार एशोसिएशनका कुनै पनि पदाधिकारी, सदस्य वा परिवारका सदस्यहरु न्यायाधीश वा अन्य कुनै पनि पदमा नियुक्ति लिन नचाहेको र आफ्नो कार्यकालभरि कुनै पनि नियुक्ति नलिने भनी यस अघि नै नेबाए बैठकमा प्रतिवद्धता जनाईसकेको र हाल पनि उक्त प्रतिवद्धतामा कायमै रहेको व्यहोरा सम्बन्धित सबैको भ्रम, आशंका निवारणार्थ यो विज्ञप्ती प्रकाशित गरिएको छ । आगामी दिनमा नेबाएले गरिरहेको जायज कार्यक्रमलाई अन्यथा गराउने उद्देश्यबाट सञ्चार माध्यम र सामाजिक सञ्जालमा झूठा, अनर्गल प्रचारवाजी नगर्न, नगराउन समेत सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव